निर्णयहरु

१. "प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य, र अधिकारको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने" विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १/३७/१४८-२०७६/१/१९ को प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएवमोजिम गर्ने ।"

२. "बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गर्ने सम्बन्धमा" विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं.३/२७/१४६-२०७६/१/१२ को प्रस्तावमा देहाय बमोजिम गर्नेः-

१. दफा ३ को उपदफा १ को खण्ड (ख) मा रहेको "..............तोकिए बमोजिम मूल्यांकन वा परीक्षण" भन्ने वाक्यांशपछि रहेको "सम्पन्न भएको" भन्ने शब्दावलीको सट्टा "प्रक्रिया प्रारम्भ भएको" भन्ने शब्दावली राख्ने ।

२. दफा ९ को सट्टा देहायको दफा ९ राख्नेः-

"९. प्रचलित कानूनबमोजिम हुने : (१) बहुबर्षिय ठेक्का बन्दोवस्त सम्बन्धी यस निर्देशिकामा उल्लेख भएका बिषयहरु यसैबमोजिम हुनेछ ।

(२)प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म यस कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।"

३. "प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ स्वीकृति सम्बन्धी " विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं.३/२८/१४७-२०७६/१/१७ को प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएवमोजिम गर्ने ।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश